| | | | |
|---|---|---|---|
| <?xml version="1.0" ?> | | | |
| <?xml-stylesheet type="text/css" href="home.css"?> | | | |
| <Doc id="nep-w-media- | NP00013 | " | lang="Nepali"> |
| <Header type="text"> | | | |
| <encodingDesc> | | | |
| <projectDesc> | CIIL-Nepali Corpora, Monolingual Written Text | | </projectDesc> |
| <samplingDesc> | Simple written text only has been transcribed. Diagrams, pictures, tables and verses have been omitted. Samples taken from page 6-7, 24-25, 40-41, 78-79, 94-95, 114-115, 132-133, 150-151, 188-189 | | </samplingDesc> |
| </encodingDesc> | | | |
| <sourceDesc><br><biblStruct><br><source> | | | |
| | <category> | Aesthetics | </category> |
| | <subcategory> | Literature-Novels | </subcategory> |
| | <text> | Book | </text> |
| | <title> | upahAra arthAt cauthO antya | </title> |
| | <vol> | | </vol> |
| | <issue> | | </issue> |
| </source> | | | |
| <textDes> | | | |
| | <type> | | </type> |
| | <headline> | upahAra arthAt cauthO antya | </headline> |
| | <author> | dhruvacandra gautama | </author> |
| | <translator> | | </translator> |
| | <words> | 3541 | </words> |
| </textDes> | | | |
| <imprint> | | | |
| | <pubPlace> | Nepal-Kathmandu | </pubPlace> |
| | <publisher> | sAjhA prakAshana | </publisher> |
| | <pubDate> | 1992 | </pubDate> |
| </imprint> | | | |
| <idno type="CIIL code"> | | CIIL-80157 | </idno> |
| <index> | | NP00013 | </index> |
| </biblStruct><br></sourceDesc> | | | |
| <profileDesc><br><creation> | | | |
| | <date> | 18-May-2006 | </date> |
| | <inputter> | Srilakshmi M.P | </inputter> |
| | <proof> | Shradha Pradhan, Jeena Rai | </proof> |
| </creation> | | | |
| <langUsage> | | Nepali | </langUsage> |
| <wsdUsage> | | | |
| <writingSystem id="ISO/IEC 10646">Universal Multiple-Octet Coded Character Set (UCS).<br></writingSystem> | | | |
| </wsdUsage> | | | |
| <textClass> | | | |
| <channel mode="w"> | | print | </channel> |
| <domain type="public"> | | | </domain> |
| </textClass> | | | |

</profileDesc>
</Header>

<text><body>

| | | |
|---|---|---|
| <p> | एक दिन जिल्लाको एउटा मानिस भेटियो। पहिले त्यति परिचय त थिएन, तर देखादेख अवश्य थियो। काठमाडौंमा एक्कासि भेटिंदा, त्यसले खुशी भएकै देखायो। मैले त अचेल एकदम झीनो रूपमा परिचित जस्तो लाग्ने अनुहारलाई समेत यसो टम्याएर नमस्ते गर्न थालिसकेको थिएँ। यसलाई पनि गरें। नमस्ते पाएर त्यो प्रसन्न भयो--“भाइ कताबाट ?” | </p> |
| <p> | मैले भनें--“यहीं छु।” | </p> |
| <p> | यति खेरसम्म मैले आफ्नो आत्मविश्वास गुमाएको थिइन। त्यसकारण त्यो मानिस पनि झुक्कियो। त्यसलाई लाग्यो, कि त म एम. ए. आदिमा अध्ययन गर्दैछु कि कुनै पोष्ट पड्काइसकें, त्यसैले यत्रो चुरीफुरी छ। त्यसलाई के थाहा, यो चुरीफुरी नदेखाए, मानिस मेरो छेउछाउ पनि किन आउँने र अडिने ? त्यस कारण त्यो महोदय पनि मेरो आत्मविश्वासको तेजमा अल्झियो र सोध्यो--“कहाँ काम गर्छौ ?” | </p> |
| <p> | अब मैले ‘राइट टाइम’ ठानें र मनमनै तोल्सतोईलाई पनि धन्यवाद दिएँ। मैले ट्रिगर थिचिदिएँ। भनें--“काम खोज्दैछु दाइ, हजूरलाई त थाहा छ, हामीजस्ताको काठमाडौंमा कुनै सोर्स हुँदैन। हजुर पहिलो व्यक्ति हो, केही गर्न सक्ने खालको मैले काठमाडौंमा भेटेको। सो, इफ यू कुड डू काइण्डली समथिङ्ग फर मी, आइ बिल अबलाईज्ड थ्रु आउट माइ लाइफ।” | </p> |
| <p> | त्यो मानिस अकमक्कियो। झरिकयो। दुई कारणले खुशी पनि भयो। एउटा त मैले उसलाई आफ्नो पहिलो सोर्सवाल व्यक्ति मानेको थिएँ। दोस्रो, मैले उसलाई अंग्रेजी बुझ्ने, अझ भनुँ, एउटा बिद्वान व्यक्ति मानको थिएँ। यद्यपि मलाई थाहा थियो, त्यसले एस.एल.सी को नाउँसम्म सुनेको थियो, अनुहार देख्न पाएको थिएन। त्यतिकै कर्म क्षेत्रमा पदार्पण गरेर महान बनेको वीर पुरुष थियो। | </p> |
| <p> | नोकरी दिलाउनु त्यसकालागि पनिसमस्या त पक्कै हुँदो हो, त्यस कारण ऊ निकै बेर घोरियो। तर मैले विनम्र भएर उसलाई दिएको सम्मानको उपेक्षा पनि गर्न सकेन। यस्तो सम्मान पनि त विरलै पाइन्छ? | </p> |
| <p> | अंग्रेजी बोलेकोमा ऊ प्रसन्न भएको कसरी थाहा भएको थियो भने, उसले अन्त्यमा मलाई आश्वासन दिएर जाँदा नेपाली बोल्दाबोल्दै एक्कासि भनेको थियो--“ओके, ओके, डण्ड, माइण्ड, ओके।” | </p> |
| <p> | मलाई, विशेष गरी उसले ‘डण्ट माइण्ड’ भन्दा हाँसो उठेको थियो। तर मैले त्यो समयलाई हाँस्ने ‘उचित समय’ ठानिन। | </p> |
| <p> | त्यो मानिस गयो। तर प्रभावित भएरै गएको रहेछ। त्यसले दिएको समयमा म त्यसको घर जाँदा त्यो केही मानिससँग बसेर कुनै राजनैतिक समस्यामाथि विचार प्रकट गरिरहेको थियो। मैले केवल यति नै सुन्न सकें--“यस्ता अधिकार खोज्नेलाई बङ्बङ् बुट हिर्काएर ठीक पार्नु पर्छ, सब ठीक हुन्छ, बुझ्नु भो?” | </p> |
| <p> | जसलाई त्यो बुझाइरहेको थियो, ती सब त्यसबाट निकै प्रभावित देखिन्थे। पछि थाहा भयो, तिनीहरू त्यसै प्रभावित भएर त्यसको राजनैतिक दर्शन सुनिरहेका थिएनन्। तिनीहरू यस कारण सुनिरहेका र सहमत पनि भइरहेका थिए कि त्यो मानिस स्कूल आदिको कौसीमा बसेका चराहरूलाई गुलेली हानेर बिद्याध्ययन गरेको भएपनि, प्रतिष्ठित रहेछ। कुनै मंत्री | </p> |

| | | |
|---|---|---|
| | महोदयको पी.ए.रहेछ। अनि त के कुरा ? मैले पनि उसको बुटवादको अंश टाढैबाट भएपनि सुनिसकेको थिएँ। म सुन्नासाथ टाढैबाट यस्तरी हांस्तै त्यसतर्फ लम्कें, जस्तो त्यसले देशलाई उँभो लगाउने एक महामंत्र दिएको होस्। | |
| <p> | मेरो अनुहार देखेर ऊ पनि प्रसन्न यस कारण भयो कि उसलाई लाग्यो, मेरो अनुहार केवल उसकै उक्त मंत्रका तेजले दैदिप्यमान भएको छ। ऊ गराउन जान्दछ भने, यति त म पनि त गर्न जान्दछु। राम्रो कुरा के हो भने, ऊ यो जान्दैन, मैले के देखाएको छु। ऊ केवल देखेको जान्दछ। | </p> |
| <p> | यस्तोमा एउटा रमाइलो कोहीकोहीको बेलामा के भएको छ भने, मैले, अचेल अनुहार हेरेर मात्र कसले बिहे गर्छ भन्दा, कोही हुँदो हो, भविष्यमा पतिको सहायता गर्ने हिसाबले 'प्रवेश/प्रस्थान' को बोर्ड चलाइसकेकी, त्यस्ती केटी भने, मैले त्यसो भन्नासाथ, आफ्नो कुमारित्व दर्शाउन जुन रुनेधुने, कोपर्ने-चिथोर्ने गर्थी, झसङ्ग र सशंकित भएर मतिर हेर्न थाल्थे, कतै यो गधाको संकेत कुमारित्वको जाँचबुझ केन्द्र खोल्ने खालको त होइन ? त्यो पनि दर्शनीय हुन्थ्यो। | </p> |
| <p> | यस्तो देख्दादेख्दा म पनि अनुभवी भएको थिएँ, त्यसकारण बुझाइदिन्थें, पहिले कसले के गर्यो अथवा पहिले को के थियो, प्रेममा त्यसतर्फ जान हुन्न। यद्यपि यो एउटा राजनैतिक रूपमा फकाउन अथवा मिल्यो भने भ्रष्ट्याउन बोलिने आवश्यकताभन्दा बढी नै प्रचलित वाक्य थियो, मैले रोमान्सकालागि पैंचो लिएको थिएँ र म पनि राजनीतिमा जस्तै बेस्सरी व्यवहारमा ल्याउँथें। बिग्रिनेलाई बिगार्न यो जस्तो सजिलो वाक्य मैले पनि पाएको थिइन। | </p> |
| <p> | एकदिन शीला नाउँ गरेकी एउटी केटीलाई यसै कोठामा ल्याएको थिएँ। रविलाई भनिदिएको थिएँ, म यहाँ ठिटी ल्याउँछु, तँ सिनेमा हेरेर आ। | </p> |
| <p> | रवि यस्तो बखत केही बोल्दैन थियो। उसले भन्यो, जुन ऊ सधैं भन्ने गर्दथ्यो--"सिनेमा हेर्न त म गइदिन्छु तर टिकट पाइएन वा फिलिम छोटो भो भने मलाई दोष नदिनू।" | </p> |
| <p> | --"टिकट नपाइने प्रश्नै छैन" मैले भनें--"तँ धेरै दिन चलेको फिलिम हेर्न जा। वरु आउँदा दोश्री केटी समेत मैले भ्याएँ भने, मलाई दोष न दिनू तँ पनि ?" | </p> |
| <p> | --"मूर्ख होस्। उसले भन्यो।" | </p> |
| <p> | --"किन, ब्रह्मचर्य भङ्ग गर्न आँटे भनेर ?" मैले सोधें। | </p> |
| <p> | --"गधा, तैंले ल्याउने पहिली केटी नै मैले देखेको छैन भने दोश्री वा तेश्री नै ल्याइस् भने पनि मलाई कसरी थाहा हुन्छ ?" | </p> |
| <p> | यसो भनेर रवि बाहिर निस्क्यो। | </p> |
| <p> | शीला आउनु, अथवा मैले ऊ सित चलहल गर्नु पटक्कै महत्वपूर्ण होइन। | </p> |
| <p> | केटी एक्लैमा यस्तरी पस्छन् भने, ती पनि केही तयारी त गरेरै पसेका हुँदा हुन्। कमसेकम मनोवैज्ञानिक तरवरले। त्यसमाथि कोही अझै बुद्धिमती भई भने केही भौतिक तयारी पनि फेला पर्न सक्छ, जस्तो एकपटक एउटी केटीले, भित्र ब्रा को हुक लगाउन बिर्सिछ। दोश्री केटीले, प्याण्टी यस्तो लगाएर आई जसको इलास्टिक खुकुलो भएर मैले केही गर्नु अगावै त्यो हवाइजहाज बम्प गरेजस्तै गरेर एकैपटक घुँडामा अड्किन आइपुग्यो। | </p> |
| <p> | कोहीकोही फाटेका भित्री लुगा लगाएका हुन्थे, जसले गर्दा त्यो एउटा आर्थिक प्रश्न पनि लाग्न थाल्दथ्यो। तर त्यसबखत भावुकता वा दुःख देखाउनु जस्तो मूर्खता दुनियाँमा अरू | </p> |

| | | |
|---|---|---|
| | केही हुँदैन, म जान्दथें। त्यसकारण दुखी भए पनि, पछि। तिनीहरूलाई पनि त्यही मन पर्दथ्यो। पछि दुखी भएपछि केही उपहार पाइने सम्भावना हुन्थ्यो। अगि दुखी भएर के पाइन्थ्यो? | |
| <p> | मैले कसैकसैलाई तिनको ब्राको साइज सोधेर तिनलाई उपहार दिएको पनि थिएँ। तिनीहरू साइज भन्दा र उपहार लिंदा एकै किसिमले लाज मान्थे। लाग्थ्यो, एउटै फिल्म दुई पटक हेर्दैछु। | </p> |
| <p> | शीलाको कुरा अझै एकछिन पछि। मलाई सम्झना छ, मैले शीलाकै कुरा भन्नलाई यतिका कुरा भनेको हूँ। शीलाअगि अर्थात् अहिले, तत्काल एउटी केटीकै सम्झना आयो। | </p> |
| <p> | त्यस बखत स्कूलमा पढ्थी। गीता वा यस्तै कुनै नाउँ थियो। फिल्मको टिकट ब्ल्याकमा लिन मद्दत गरिदिएको थिएँ। पूरा परिवारलाई। ब्ल्याकको बढी पैसा पनि मैले नै तिरिदिएको थिएँ। तिनीहरूले अप्ठ्यारो त निकै मानेका थिए। तर मलाई पक्का छ, तिनीहरूसँग पर्याप्त पैसा थिएन। त्यसकारण, शुरूमा पैसा तिर्ने जोड गरे र पछि केवल अनुगृहीत मुद्रा देखाएर काम चलाए। | </p> |
| <p> | त्यसले जवाफ दिएको थियो--“गैर कानूनी कामकै त भाउ बढ्छ हजूर, किनभने त्यसमा रिस्क हुन्छ। पुलिसले समायो भने हजुरहरू त निस्किदिनुहुन्छ, हामी त सखापै हुन्छौं।” | </p> |
| <p> | तर पुलिस कहिल्यै समात्दैन थियो। वरु उही हेर्न आउँथ्यो। लेनदेन अलग्ग। | </p> |
| <p> | फिल्म सकेर के मनमा आयो, सोचें, रक्सी खाए आज डेरामै खान्छु। रवि छैन। एक्लै खान्छु। बाहिर खान्न। समय धेरै बाँकी थियो। | </p> |
| <p> | कोठामा पुगेर मैले खल्तीबाट साँचो झिकें। ढोका नजिक गएँ। तर अचम्म लाग्यो। अरू दिनभन्दा विपरीत ढोकामा ताल्चा झुण्डिएको थिएन। ढोका भित्रवाट लागेको थियो। यसको अर्थ हो, भित्र कोही छ। रुक्मिणी होली; यद्यपि यो समयमा ऊ यहां हुनु उदेक लाग्दो नै हो। | </p> |
| <p> | ढोका घच्घच्याएँ। केही बेर उभिनु पऱ्यो। मेरो आश्चर्यले सीमा नाघ्यो, जब मैले देखें, ढोका उघार्ने रुक्मिणीकी छोरी थिई, सविता। | </p> |
| <p> | --“के भो ?” मैले सोधें। | </p> |
| <p> | --“त्यसै...।” सविताले भनी र हतारमा हात धोएर फुत्त निस्केर गई। न केही भनी, न मलाई हेरी। | </p> |
| <p> | कोठाको निरीक्षण गरें। के पाइयो भने, विहानको बाँकी भएको भात खाइरहेकी रहिछ। दिनदिनै आउँदी हो। मैले सोच्ने कुरा त यही थियो। मलाई अपसोच भयो, म पनि दिनदिनै किन आइन ? अथवा उसलाई अझ राम्ररी ग्याखग्याखती किन पारिन? त्यसले उसको मनोबल खस्किन्थ्यो र... मेरो मनोबल लम्किन्थ्यो, आफ्नो उही गन्तव्य तर्फ। | </p> |
| <p> | मैले ढोकामा छिस्किनी लगाइदिएँ। ओछ्यानमा पल्टे र अपसोच गर्दै सवितालाई सम्झिन थालें। अगि नै को फिल्म र सविताको शरीरको क्वायलको मिसिएको रन्कोको प्रभाव होला, धमाधम एकान्तक्रिया गर्न थालें। अगिको अपसोच पनि त्यागिदिएँ। बरु सवितालाई बारम्बार कल्पनामा उभ्याएँ, बसाएँ, लडाएँ। | </p> |
| <p> | त्यसै बखत ढोकामा थाप पऱ्यो। म जुर्मुराएर उठें। रवि पो आयो कि ? जति एकान्त भए पनि यस्तो बखत अलिकति अत्यास त आइहाल्छ ? | </p> |

| | | |
|---|---|---|
| <p> | उठेर ढोका उघारिदिएँ। रुक्मिणी रहिछ। ऊ भित्र आएपछि मैले नै ढोका फेरि लगाइदिएँ। ऊ जुठा भाँडा मल्न थाली, जसमा अब त उसकी छोरीकै थाल सामेल थियो। | </p> |
| <p> | म सिरक ओढेर त्यसै क्रियालाई विस्तारै पूरा गर्नतिर लागें, जुन अधूरै थियो। | </p> |
| <p> | यस्तो गर्दाखेरि म रुक्मिणीतिर हेर्थें कतै उसले यता नहेरोस्। | </p> |
| <p> | रुक्मिणीको पिठ्यूँ मतिर फर्केको थियो। हेर्दाहेर्दै लाग्यो, रुक्मिणीको शरीर पनि कम छैन। वस्दा पिठ्यूँ र त्यसमुन्तिर धोती तन्केकोले कस्सिएको देखिएकी रुक्मिणीलाई नै म आफ्नो मोडेल बनाउन पुगेछु। | </p> |
| <p> | ऊ यताउति गर्न उठ्थी। उसको अगिल्लो भाग विशाल र ब्रा नलागाएकोले स्वतः यताउति छचल्किन खोज्दथ्यो। एक्कासि सबथोक एकदम उत्तेजक भएर आयो। | </p> |
| <p> | मनमा एकपटक आयो, हा, यस्तो सोच्नु हुन्न। तर मैले आफैलाई हकारें, कस्तो सोच्नु हुन्न ? के यही रुक्मिणी बेलाबेलामा सोच्दिन होली? पक्कै सोच्छे। बूढी त भएकी छैन, अनि ? | </p> |
| <p> | यस्तो लाग्न थाल्यो, मैले नै रुक्मिणीको उद्दार गर्नु पर्छ। | </p> |
| <p> | ठीक छ साले, अब कुनै पण्डित बनेर ट्वाट लाउनु पर्लो। तर यस्तो प्रश्न सोध्दा त्यो पण्डित के गर्थ्यो, के भन्थ्यो, यसले त्यही मसँग खोज्ला, गधा। मैले मनमनै सोचें। कतै त्यो मोरो पण्डित भनाउँदो कुनै लज्जाजनक चाकरी पो गर्थ्यो कि, झ्याक्नेहरूको के ठेगान? एम.ए.पास भए पनि, प्रोफेसरै भए पनि त्यसो गरेर बाँचिरहेको हुन सक्छ, त्यो पण्डित। कि बिदूषक नै थियो कि ?” | </p> |
| <p> | मैले बीचको बाटो अँगालें। हातमल्दै, घुमाउँदै, ङिच्च हाँसेर बसिरहें। विशेष ध्यान केमा दिएँ भने, मेरो हाँसो र हात मलाई अलिकति भए पनि जोक्कर तालको पनि देखियोस्। उसको मनोरंजन हुने भए पनि होस् अलिकति। | </p> |
| <p> | ऊ साँच्चिकै हाँस्न थाल्यो--“लोकल खान्छौ कि स्कच?” | </p> |
| <p> | मैले देखें मेरो विदूषयक मुद्राले सकारात्मक प्रभाव नै पर्न थालेको छ। त्यसै उत्साहमा मैले भनें--“स्कच नै खाउँ हजूर, धेरै दिन भयो।” | </p> |
| <p> | --“ए” उसले भन्यो--“त्यसो भए एक पटक थुकेर चाट त?” | </p> |
| <p> | मैले बुझिन। त्यसैले मैले सोधें--“ के मर्जी भाको हजूर?” | </p> |
| <p> | --“थुक र आफ्नो थुक चाट अनि स्कच पाउँछौं भनेको पण्डित?” उसले भन्यो। अब प्रष्ट पनि भयो। | </p> |
| <p> | म अपमानले पीडित भएँ। --“हजूर यस्तो त अलि... कहिल्यै नगरेको घटिया काम...।” मैले हच्कीहच्की भनें। | </p> |
| <p> | --“नकरा पण्डित, बढ्ता स्वाङ पार्छ।” उसले भन्यो--“बरू म यिनीहरूलाई पठाइदिन्छु।” | </p> |
| <p> | साँच्चि भन्ने हो भने, तिनीहरूको उपस्थितिले म झन् अपमानित अनुभव गरिरहेको थिएँ। त्यसमाथि विषय र प्रसङ्ग न त्यस्तै थियो। | </p> |
| <p> | त्यति भन्नू थियो, ती दुईदना राष्ट्रिय पंचायतका मर्यादापालक झैं अदबसाथ उठेर हिंडे। | </p> |
| <p> | --“अब चाट।” चन्द्रप्रसादले दाँत कोट्याउँदै भन्यो। | </p> |
| <p> | कोठामा म र ऊ मात्र। सामुन्ने ब्ल्याक लेभल थियो, जसबाट अलिकति मात्र कोट्टिएको थियो। अगि सिलबालसँग अलिकति खाएको कता पुगिसकेको थियोकता। अब, जसलाई | |

| | | |
|---|---|---|
| | बलवती इच्छा भन्दछन्, ब्ल्याक लेबेल सित त्यो टाँस्सिएको थियो। त्यो गधा अगाधपनाकासाथ लडेको थियो। तकियामा अडेस लगाएर। | |
| <p> | मैले भनें--"पहिले यसो एकदुई पेग लगाउँ अनि आँट आउँछ कि हजुर?" | </p> |
| <p> | त्यो झन् हठी भयो--"अहँ, त्यस्तो त ज्यान गए हुँदैन। उही पनि मैले के आफ्नो थुक चाट्न भनेको छु र ? तिम्रै आफ्नै थुक त हो नि ?" | </p> |
| <p> | म अलि नरम हुन थालेको मैलाई अनुभव भयो। मैले भनें--"थुकेको थुक चाट्नु सारै हिनाइती हो भन्छन् नि त ?" | </p> |
| <p> | --"कल्ले भन्छ ? को छ यहाँ भन्न जाने ? म भन्दिन, तिमी भन्दैनौ। उसले आश्वासन दिंदै भन्यो--"आफ्नो मुखभित्र थुक हुन्न कि क्या हो ? त्यही थुक एक पटक बाहिर निस्केर मुखभित्र जाने त हो नि चाट्दा ?" | </p> |
| <p> | उसको तर्क जे थियो, त्यो त छँदै थियो। खराब के थियो भने म आफै पनि उसको तर्क ठीकै हो कि भनेजस्तो कताकता सोच्न थालेको थिएँ कि जस्तो नजानिदो आभास मलाई हुन थालेको थियो। त्यसले म डराएको त थिएँ, आफ्नो बेइजती आफैले गराउँला कि भनेर। तर यो मोरो बहुलाहाले, त्यसो नगरी एकथोपो रक्सी मुखमा चुहिन नदिने भो। | </p> |
| <p> | मैले भनें--"थुकै चाट्नु पर्ने हजुर ?" | </p> |
| <p> | --"अँ, थुकै चाट्न पर्ने?" | </p> |
| <p> | --"कसरी?" | </p> |
| <p> | --"जसरी चाटे पनि हुन्छ, मलाई आपति छैन।" त्यसले भन्यो, उदारता देखाइरहे झैं। | </p> |
| <p> | ऊ बेस्सरी हाँसी। मैले जानी बुझीकन, एउटा आर्थिक समस्यालाई रतिरागात्मक लुगा लगाइदिएको थिएँ। त्यसको असर पनि भएछ। उसले भनी--"पत्याएँ।" | </p> |
| <p> | --"के पत्याएँ ?" मैले सोधें--"अविवाहित होइन भन्ने कि युवा शरीर होइन भन्ने कुरा ?" | </p> |
| <p> | ऊ फेरी हाँस्न थाली। भनी—"कस्तो जानेको ? संधै शरीर ढाकिराखिन्छ भन्ने कुरा।" | </p> |
| <p> | मलाई बडी आनन्द आयो। यो पनि केही अगि लम्केकै हो। तर मैले सोचें, लम्किने लम्काउने काम गर्ने हो भने कुनै अरू दिन आउँला। आइन्छ नै। | </p> |
| <p> | त्यस कारण म तत्काल विषयवस्तुतिर लम्कें। त्यो पनि त प्रभाव पार्ने एउटा तरिकै हुनसक्दथ्यो। | </p> |
| <p> | मैले भनें--'भाउजू अखवारबाट अहिले त राम्रै होला होइन ?' | </p> |
| <p> | ऊ त्यसपछि पोखिई--"के राम्रो हुनु ? सहायक मन्त्री मोराले धोका दिइहाल्यो... ?" | </p> |
| <p> | यसले यो भनी। तर वास्तवमा धोका त शिवरामले नै सहायक मन्त्रीलाई दिएको थियो। एकदम संकटको बेलामा तर मलाई के चाँसो? | </p> |
| <p> | मैले सोधें--"कसरी धोका दियो त त्यसले ?" | </p> |
| <p> | उसले भनी--"अर्को अखबारलाई फाइनान्स गर्न थालेछ, यी कुर्सीवालहरू त नीचै हुँदा रहेछन्। उहाँ मर्जी हुन्थ्यो, बाबु नभएको भए त... जहाजै डुब्थ्यो।" | </p> |
| <p> | बाबु त के गर्थ्यो? बाबुका बाबु नै थियो नि, राजा। मैले सोधें--"पहिले भन्दा कस्तो छ त भाउजू ?" | </p> |
| <p> | --"पहिले भन्दा रकम चाहिं अलि बढी भित्रिन्छ, तर बाबु हजुरसँग के ढाँट्नु, पहिले भन्दा जति महंगी बढेकी छ, त्यसले गर्दा त के भन्नु खोई?" उसले यो दोहोरो कुरो गरेकी हो। म | </p> |

| | | |
|---|---|---|
| | खुशी पनि छ, बढी रकम आउँछ भनेर र आफ्नो खिन्नता पनि देखाइ। | |
| <p> | अनि मैले विस्तारै भनें--"ल भाउजु म त्यसैले हजुरलाई अहिले दुःख दिन आएको। यो अखबार सखबार छोड्ने भए, अहिले एउटा मौका आएको छ, म एउटा यस्तो लाइसेन्स दिलाइदिन्छु, जुन देख्ना साथै लाखौं रूपियाँ घर बसीबसी आउँछ। स्लिपिङ्ग पार्टनर बनेर कमाइरहे पनि भयो। यस्तो मौका आउँदैन। हजुरले दाइसँग सल्लाह गरेर मलाई यो नम्बरमा खबर गरिदिइसियोस्।" | </p> |
| <p> | यति भन्नासाथ म उठें पनि। उसको अनुहारमा बढेको तेजले नै बताउँदथ्यो। ऊ 'प्रदीप' नामक अखबारलाई स्विच जस्तै निभाइदिन आतुर र व्यग्र छे। | </p> |
| <p> | तैपनि उसले, सके आफ्नो लोग्नेलाई स्मरण गर्दै सोधी--"अखबार चाहिं छोड्नै पर्ने ?" | </p> |
| <p> | यहाँ चाहिं म दृढ वा केही कठोर भएर बोलें--"त्यो, यसको पहिलो र अन्तिम शर्त हो।" | </p> |
| <p> | अरू मैले केही पनि मानिन। उसले चिया खान भनी। मैले मानिन। त्यसपछि सोधी--"चीसो चिया नि ?" | </p> |
| <p> | म एकछिन अडिएँ र हाँस्दै भनें--"अब सबथोक एकै दिन असुल्छु, हजुरको काम भएपछि।" | </p> |
| <p> | यति भनेर म हतार भएझैं निस्कें, उसको अनुहार र सर्वाङ्गमा एउटा गहिरो कृतज्ञताको कम्पन छाडेर। | </p> |
| <p> | कहिलेकहीं बलात्कारको स्वादिलो वर्णन पनि गर्दथे। | </p> |
| <p> | विभिन्न कारणले गर्दा म तिनीहरूसित धेरै हिमचिम बढाउने आकांक्षा राख्दिन थिएँ। तिनीहरूका लागि पनि म एउटा अनुहार मात्र थिएँ, जसलाई नोट बाँड्ने कामका लागि खटाएकाले हेर्नै पर्ने हुन्छ। | </p> |
| <p> | धेरै पछि मैले अडकल गरें। त्यो पैसाले, तिनीहरूले गर्ने काम ज्यादै ठोस र भौतिक प्रकारका हुने गर्दथे। | </p> |
| <p> | विस्तारै भनुँ ? कहिले काहीं, हत्या पनि। | </p> |
| <p> | म सोच्दथें, एक दिन यस्तो नहोस्, म आफ्नो हत्याका लागि आफैले पैसा बाँडु। | </p> |
| <p> | जुन प्रसाद राजासँग म काम गर्दथें, ऊ अलिकति सनकी छ भन्ने कुरा त अब प्रमाणित पनि गर्नँ पर्दैन। | </p> |
| <p> | रविलाई यस्तो यथार्थको पटक्कै ज्ञान छैन। | </p> |
| <p> | यो आन्तरिक यथार्थको। | </p> |
| <p> | उसलाई मालिकको एउटा कार्यलयमा लगाइएको छ। त्यहाँ उसको काम के मात्र थियो भने, हाम्रो मालिकलाई दिइने निवेदन, फिराद वा मौखिक गुनासो र याचनाहरू क्रमबद्ध गरेर राख्ने। | </p> |
| <p> | त्यसकारण रवि कहिलेकहीं मात्र मालिकको निवासमा आउँदथ्यो। आफ्नो काम सकेर तत्काल फर्किन्थ्यो, कि त मालिकले आफै केही कुरा सोध्न बोलाउँदा हाजिर हुन्थ्यो, त्यति हो। | </p> |
| <p> | त्यस कारण उसलाई भित्री वास्तविकताको कहिल्यै ज्ञान हुँदैन थियो, चाहे त्यो जतिसुकै भयानक वा घीन लाग्दो होस्। | </p> |
| <p> | म भित्र काम गर्थें। त्यसैले मलाई भने केवल भयानक यथार्थको ज्ञान हुन्थ्यो। कहिलेकहीं मेरो ज्ञानले मै भयभीत हुन्थें। | </p> |

| | | |
|---|---|---|
| <p> | तर जीवन मोजमा बितिरहेको थियो। त्यस कारण यसबाट छुटकारा पनि खोजेको होइन मैले। | </p> |
| <p> | कहिले काहीं मनमा आउँथ्यो, यो देशमा म जति पतित अरू को होला, मै मात्र छु क्यारे? तर यहाँ केही समय काम गरेपछि मलाई धेरै होलो अनुभव भएको थियो। | </p> |
| <p> | म त रवि जस्तो पो देखिने रहेछु यिनीहरूका बीचमा ? अर्थात् यिनीहरू झन् कस्ता होलान् बुझ्न सकिन्छ। | </p> |
| <p> | अहिले पनि पर्खिरहेको थिएँ। चक्कुले योनि चिर्नेहरू आउँछन् त्यसकारण तिनकालागि खाममा रकम हालिरहेको थिएँ। | </p> |
| <p> | रूपियाँ त ठीक थियो। तर खाम सातवटा मात्र थिए। मान्छे आठ आउने। | </p> |
| <p> | एउटा घरमा लोग्ने र स्वास्नी दुवै थला परेका थिए। केवल विभिन्न उमेरका केटाकेटी जोग्गिएका देखिन्थे। | </p> |
| <p> | रोजिनाले तत्काल काखको शिशुका लागि दूधदानी र ठूला केटाकेटीका लागि पुस्तक र कापी झिकाइदिएकी थिई। | </p> |
| <p> | दूधदानीमा दूध थिएन। रोजिनाले भनी--"दूध म हालिदिन सक्छु। तर अलिकति कर्म त तिमीले पनि गर्नु पर्दछ। तिमी आफ्नो दूध यसमा हालेर ख्वाउ।" | </p> |
| <p> | आइमाइले भनी--"हजूर, रानीसाहेब, मेरो आफ्नो दूध आउने भएदेखि आफ्नै सस्तो मुण्टो चुसाइहाल्थें नि, यो महगो माल किन चाहिन्थ्यो ?" | </p> |
| <p> | रोजिना घोरिन थाली--"तिम्रो दूध किन आएन त ?" उसले सोधी। | </p> |
| <p> | आइमाइले भनी--"पहिले आउँथ्यो, थला परेदेखि आउन छाड्यो, के गर्नु हजुर, सारै गरीबछु।" | </p> |
| <p> | रोजिनाले सान्त्वना दिई--"रोग लागेपछि गरीब धनी सबैलाई यस्तै हुन्छ नि ?" | </p> |
| <p> | --"होइन हजुर, परार त्यो अर्को छोरो पाउँदा, यस्तै विरामी परे पनि दूध आउँथ्यो ?" उसले भनी। | </p> |
| <p> | --"कसरी?" रानीसाहेबले आश्चर्य मानी। | </p> |
| <p> | --"परार उहाँ सद्दे हुनुहुन्थ्यो, कमाएर ल्याउनुहुन्थ्यो, पेटमा केही पर्थ्यो अनि छाती रसाउँथ्यो।" | </p> |
| <p> | रानीसाहेब चिन्तित भई। पेट र छातीको सम्बन्ध गीतामा लेखिएको थिएन क्यार। उसलाई लाग्यो, यो खानेकुराको लागि पैसा माग्न यसो भनि रहेकीछे। तर यसलाई पहिले औषधी चाहिन्छ कि खानेकुरो त्यसको निर्णय नहुन्जेल म पनि निरूपाय छु। | </p> |
| <p> | --"यिनीहरूलाई केही गरूँ, त्यसको उल्टो असर भइदियो भने के गर्ने ?" रानीसाहेबले हामीतिर फर्केर भनिन्--"उल्टो अवगाल आइपर्छ। यिनीहरूको शरीर हाम्रो नियमले चल्दैन। शरीर विज्ञानको सारा सिद्धान्त फेल भइदिन्छ।" | </p> |
| <p> | --"हो हजुर, यस्तोमा चल्नु हुँदैन।" मैले भनें। बुझिसकेको थिएँ, रानीसाहेब के सुन्न चाहन्छे। | </p> |
| <p> | रानीसाहेबले आइमाईलाई भनी--"यो फिडरमा माड हालेर भए पनि चुसाइदेउ। मुख्य उद्देश्य बच्चालाई चुप लगाउनु हो। बच्चा त्यसरी पनि चुप लाग्ला। किनभने, दूध र माडको फरक त्यसले धेरै थाहा पाउन सकेको छैन होला अझै, कि अलिकति चीनी पठाइदिउँ?" | </p> |

| | | |
|---|---|---|
| <p> | यस पटक आइमाइले फिक्का हाँसो हाँसेर भनी--“चीनी होइन हजुर, सकिन्छ भने, यस्तो गोलसमेत रित्तिएको घरमा, अलिकति माडै पठाइ दिइबक्सियोस्।” | </p> |
| <p> | रानीसाहेब फेरि घोरिई एकछिन। आइमाईको कुरा, सके उसलाई मार्मिक लागेको होस्। उसले मलाई अह्राउँदै भनी--“बुझें। अलकति चामल पठाइदिनू।” | </p> |
| <p> | हामी सबैले मिलेर रानीसाहेबलाई बौद्धिक र कुराको मर्म बुझ्ने साबित गरेरै छाड्यौं। अलिक ढीलो नै होस्, उसलाई यो तथ्यको स्पष्ट ज्ञान भएको थियो कि माडका लागि भात चाहिन्छ, भातका लागि... यस्तै। | </p> |
| <p> | उसको यो भनाइमा मलाई पहिले त एउटा सोझा, अर्थात् ह्वात्त आउने किसिमको झोंकै उठ्यो। मनमा आयो, बङ्गारा झारिदिउँ जाँठोको, के ठानेको छ मलाई? तर उसका अगाडि म कतै कमजोर पनि अनुभव गर्थें। त्यसकारण रिसको आवेग ओर्लनासाथ म चिन्तित भएँ। त्यसपछि हलुको प्रसन्नता पनि भयो। साँच्चि भन्ने हो भने, प्रसन्नता नै भयो, त्यो भन्छन् नि, के जाति गर्नु पर्ने कसिंगर हावाले उडाएर लग्यो ? माने लग्न आँट्यो। | </p> |
| <p> | अब मनमा त्रास बाँकी थियो भने, त्यो कारणको मात्र, जसले गर्दा यो रविले यत्रो ठूलो निर्णय लियो। ठूलै भन्नु पर्छ, उसको हिसाबले। उसको भावुकताको हिसाबले। म भएको भए कुरा त्यस्तो हुन्न थियो। यही निर्णय, म एक छिनमा लिन सक्थें, केवल अवसर आउनु पर्थ्यो। अवसर नपाउन्जेल फेरि महान् पनि भइरहन सक्थें। | </p> |
| <p> | अब देख्छु, यही रविले नै मलाई महान बन्ने अवसर दिन आँटेको छ। | </p> |
| <p> | त्यसै अनुरूप मैले सोधें--“तँ भन न, कुन त्यस्तो स्वार्थ पूर्ति हुन आँट्यो तेरो र आज यसै क्षण, वर्षौंको संगत लत्याएर हिंड्न आँटिस् ? कहिलेकहीं म पनि आफूलाई स्वार्थी ठान्दथें, तर... तैले त मलाई कति सजिलै पछारिस् भाइ, क्याबात ?” | </p> |
| <p> | यस बीच मैले रविको संगत नपाउने देखेर गिलासको झर्को नबेसाएर हाफबाट सोझै घाँटीमा ओराल्न थालिसकेको थिएँ। | </p> |
| <p> | पहिले त एकछिनसम्म रवि केही बोलेन। अझ धेरैबेर भने पनि हुन्छ। म एउटा नायकले खलनायक तर्फ व्यंग्य र पीडाका साथ हेरे जस्तै रवितर्फ हेरिरहें। हेरूँ न त, के जवाफ दिन्छ ? | </p> |
| <p> | त्यसपछि रवि बोल्न थाल्यो--“अगि, सविता... आएकी थिई। मसँग दुई सय मागेर लगी।” | </p> |
| <p> | --“त्यसैले तँ यहाँ नबस्ने?” मबाट नाकयत्व अझैं विदा भएको थिएन। कायम थियो। व्यंग्य पनि यथावत्। | </p> |
| <p> | --“सुन्छस्?” रविले भन्यो--“हो, त्यसले दुई सय मागेर लगेपछि नै मैले यो ठाउँ छोड्ने निश्चय गरें। सविता... कस्ती केटी थिई, तँलाई थाहा छ। आज दुईसय माग्न आउँदा के बताएर गई थाहा छ ?” | </p> |
| <p> | --“के ?” मैले नायकत्व र व्यंग्य दुवैबाट स्वेच्छाले झर्नु उचित ठान्दै प्रश्न गरें। | </p> |
| <p> | --“यतिन्जेलमा” उसले दुःखी स्वरमा विस्तारै भन्यो “दुबै आमा छोरी वेश्या बनिसकेछन्।... पहिले आमा बनी, छोरीका लागि, पछि छोरी बनी, आमाका लागि। र... दुवैको वेश्या बन्ने थालनी, तैंबाट भयो। पहिले कोही पनि वेश्या थिएन, अहिले दुवै छन्, तैले गर्दा।” | </p> |
| <p> | म चुपचाप सुनेर बसिरहें। छोरीको कुरा त मैले बताउन पनि खोजेको होइन। छोरीलाई शरीरको साटो पैसा दिने थालनी मैले गरेको होला, म एकदमसित होइन भन्दिन। तर | </p> |

| | | |
|---|---|---|
| | आमा ? आमालाई त मैले पैसा दिएकै थिइन ? | |
| <p> | बडो अल्झिएको कुरोहो, म त्यति जान्दिन। रविको विचार थियो, मैले पहिलो पटक परपुरुष भएर नबिगारेको भए, ऊ वेश्या हुन्न थिई। रवि सही नै छ भनेर, कल्ले भन्न सक्छ? त्यो आमाचाहिंले पनि भन्न सक्तिन, फ्रायडस्रायडले पनि सक्तैन। | </p> |
| <p> | एक पटक एउटा अर्को शहरमा हामी सपरिवार जाडो बिताउन गएका थियौं। स्वागत गर्नेहरूको कमी थिएन, अब त कहीं पनि। | </p> |
| <p> | रवि पनि निराश, असफल र लज्जित भएर नोकरीको खोजीमा त्यसै शहरमा पुगेको रहेछ। | </p> |
| <p> | उसले विवाह गर्न सकेको थिएन। उसका सारा आफन्त मरेका थिए। अब एक्लै थियो। उसले कतै पैसा पठाउनु पर्दैन थियो अब। तर पेटमा अन्न हाल्ने समस्या झन् उग्र हुन थालेको थियो। | </p> |
| <p> | यस्तैमा एकदिन नोकरीको आश्वासन दिने अफिसतर्फ ऊ जाँदै थियो। गर्मीले गर्दा उसको मुख च्याटच्याट सुकिरहेको थियो। एक ठाउँमा एउटा हाते कल देख्यो। ऊ खुशी भयो र एक हातले धारोको ह्याण्डिल चलाउँन थाल्यो। अर्को हातले धारोको मुख थुनिरह्यो। दुई चार पटक चलाएपछि धारोमा पानी भरियो। छचाल्किन थाल्यो। त्यसपछि प्राप्त हुने तृप्तिको कल्पना गर्दै निहुरेर उसले धारोमा मुख जोरेको मात्र के थियो, पिठ्यूमा छुरा ज्वाम्म रोपियो। ऊ त्यहीं ढल्यो र मुर्छा पर्यो। | </p> |
| <p> | स्थानीय अस्पतालमा पुर्याइयो। त्यो अस्पताल रोगी भर्ना गर्न अथवा रोगी मार्नका लागि प्रसिद्ध थियो। कुनै एक जनाको कुरा होइन, सब मिलेर यो काम गर्दथे। राम्रो काम मानिन्थ्यो, त्यसैले होला। | </p> |
| <p> | मैले सुनें। मेरा स्वास्नी छोराछोरीलाई त केही भएन। तर सुन्नासाथ ममा भने परिवर्तन देखियो। म तत्काल दुखी भएँ। मलाई चिटचिट पसिना आउन थाल्यो। मैले खान पनि सकिन। बाहिर निस्कें। | </p> |
| <p> | के गरूँ के गरूँ भयो र म अस्पताल तर्फ लार्गे। के गरूं केगरूँ किन भयो भने रविको त्यो अवस्था म कसरी हेरूँ ? खोइ किन हो, आफूलाई अपराधी जस्तो लागि रहेको थिएँ म। | </p> |
| <p> | अस्पतालमा जाँदा त्यहाँ मानिस पहिल्यैदेखि तैनाथ थिए। डाक्टरग प्रेसर जाँचिरहेको थियो। 180/130 थियो। एकतिरको सके दाहिनेतिरको हर नचल्ने थियो। छुराको घाउभन्दा पनि यो अर्कै जटिलता उत्पन्न भएको थियो। त्यसलाई कुनै कुनै डाक्टर छुराको असरसंग पनि जोडिरहेका थिए, तर अरू केही भने, संयोग मात्र हो, उसलाई स्ट्रोक भयो, अन्तर रक्तस्रावले गर्दा, रक्तचापले यो जटिलत उत्पन्न गरेको हो भन्दथे। | </p> |
| <p> | होश कहिले आउँथ्यो, कहिले जान्थ्यो। कहिले आधा होश हुन्थ्यो। | </p> |
| <p> | म पुग्नासाथ, उसको एउटा भाइले भन्यो--"लक्ष्मी दाइ आउनु भएको छ।" | </p> |
| <p> | यी भाइ भतिजाहरूलाई हाम्रो बिग्रेको सम्बन्ध थाहा थियो कि थिएन कुन्नि? हामीले कति समयदेखि भेटेका थिएनौं, त्यो त सम्झिने मेरो मात्र जिम्मा भयो। ऊ त यो जिम्माबाट हाललाई मुक्त नै हुने भयो। | </p> |
| <p> | मलाई लाग्यो, ऊ टाउको हल्लाउन नसके पनि नेरो नाउँ सुन्नेबित्तिकै घृणाले अवश्य मुण्टो उतातिर फर्काउँछ। | </p> |

</body></text>

</Doc>